नेपाल राजपत्र

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फाल्गुन १४ गते २०३० साल

श्री ५ को सरकार
भूमिसुधार मन्त्रालयको
सूचना

श्री ५ को सरकारको मिति २०३०।८।२५।२ को निर्णयबमोजिम राजनैतिक नियुक्ति भएका अस्थायी अतिरिक्त भूमि प्रशासक (राजपत्राङ्कित द्वितीय श्रेणी) श्री टंकबहादुर स्वाँरलाई सेवाबाट अवकाश दिइएको छ।

आज्ञाले–
वासुदेव प्याकुरेल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार
भूमिसुधार मन्त्रालय
भूमि विभागको
सूचना

यस विभागको अस्थायी शाखा अधिकृत पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले यसै विभागको ना.सु. श्री कृष्णप्रसाद मिश्रलाई मिति २०३०।१०।२ देखि कायम मुकायम मुकरर गरेको छ।

भेषराज शर्मा
निर्देशक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२८